*“जलविद्युत, जडिबुटी, व्यावसायिक कृषि, पर्यटन र पूर्वाधार ।*
*सुशासन र समृद्ध नौमुले गाउँपालिकाको मुल आधार” ॥*

# नौमुले गाउँपालिका, दैलेख

## कर्णाली प्रदेश, नेपाल

## छैठौं गाउँसभामा प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७७०७८

प्रस्तोता :

**अमृता सिहं (उपाध्यक्ष)**

१६ आषाढ २०७७

## नीति तथा कार्यक्रम :

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय,
प्रमुख अथितिज्यु,
विशेष अथितिज्यु,
सम्मानित सभाका सदस्य ज्यूहरु,
कर्मचारी मित्रहरु,
र अन्य उपस्थित सम्पुर्ण महानुभावहरु ।

यस नौमुले स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु । आमुल परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । यसैगरी राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली नागरिक तथा कुशल नेतृत्व गर्नुहुने राजनितिक शिखर व्यक्तित्व प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय, हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **'समृद्ध नेपाल, सुखी नेपालीको** नारालाई आत्मसात गर्दै **'समृद्ध नौमुले, सुखी नौमुलेवासी'** को दीर्घकालीन उद्देश्यअनुरुप समतामूलक समाज निर्माण गर्दै समृद्धी तर्फको यात्रामा अघि बढिरहेको सन्दर्भमा नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानिय सरकार अन्तर्गत नौमूले गाउँपालिका नौमूले गाउँबासीको आर्थिक, सामाजिक विकासका लागी प्रतिवद्ध रहि सामाजिक तथा आर्थिक रुपान्तरणका लागी प्रतिवद्ध रहेको उद्घोष गर्दै यस नौमुले स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

**सभाध्यक्ष महोदय,**

१. नौमूले गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधरण जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका योजना तर्जुमा गने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागि गराउने , मागमा आधारित यस क्षेत्रको माटो सुहाउदो कार्यक्रम तथा विकास गतिविधिहरु संचालन गरि यस क्षेत्रका जनताको चरम गरिवि न्यूनिकरण गरि जनताको जिवनस्तरमा सुधार ल्याउने प्रमुख निति अनुरुप आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रको विकास र सुधार, पूर्वाधारहरुको विकास, दिगो विकासको अवधारणा अनुरुप वातावरण संरक्षण तथा विपद व्यवस्थापन, संस्थागत क्षमतामा सुदृढीकरण, सामाजिक न्याय, प्रभावकारी सेवा प्रवाह, भ्रष्टाचार रहित सेवा प्रवाह, पारदर्शिता तथा प्रविधिमैत्री सेवा प्रवाह मार्फत सुशासन कायम गरि नौमूले गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा विकास गर्ने निति लिएको छु ।

२. कोरोना भाइरस (कोभिड-१९) का कारण बेरोजगार युवाहरुलाई गाउँभित्रै रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्न स्थानीय सिप, स्रोत तथा साधनको प्रयोग गर्ने, कृषिमा आधुनिकीकरण एवम व्यावसायीकरण गर्ने गरि विभिन्न सिप विकास सम्बन्धि आयमुलक तालिम तथा कार्यक्रमको व्यवस्था गरी गरिवि न्यूनिकरण गर्ने निति लिएको छु ।

३. स्वास्थ्य, सरसफाई तथा खानेपानी आधारभूत मानवीय आवश्यकताका विषय हुन । यी विषयहरुलाई व्यवस्थित र गुणस्तरीय बनाउन यस नौमूले गाउँपालिकाको सम्पूर्ण क्षेत्र भित्र विभिन्न रचनात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालित गरिनेछ । यस गाउँपालिकाले लिएको कोरोनालाई रोकथाम तथा नियन्त्रण गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने, जनतालाई सहज र सुलभ ढंगले स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य चौकिमा पर्याप्त औषधि र उपकरणको व्यवस्था गरिनेछ । साथै पोषण, स्वास्थ्य र सरसफाई तालिम दिने, बिरामी उपचार सेवालाई प्रभावकारी बनाउन गाउंपालिकाले आगामी आ.व.२०७७०७८ मा पन्ध्र शैया अस्पातलको लागि भवन निर्माण गर्ने पहल गरिनेछ ।

४. **हाम्रो गाउँपालिका पूर्ण सरसफाईयुक्त गाउँपालिका'** अभियान सञ्चालन गरिने छ । यस गाउँपालिकाका सबै वडाहरुमा पूर्ण सरसफाई मापदण्ड लागु गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनुका साथै सार्वजनिक शौचालय निर्माण गर्ने र विद्यालयहरुमा पानी सहितको व्यवस्थित शौचालय निर्माणमा जोड दिईनेछ । विद्यालयहरुमा सरसफाइको लागि द्यगिभ क्अजयर्या को अवधारणा कार्यन्वयमा ल्याइनेछ । पुर्ण सरसफाइको क्षेत्रमा लागेका सम्पूर्ण व्यक्ति, संघ संस्था,

विद्यालय, समुदाय तथा गाउंपालिका बिच आवश्यक समन्वय, सहकार्य गरी संयुक्त रुपमा कार्यक्रम संचालन गरिनेछ ।

५. प्राथमिक स्वास्थ्य केन्द्र नौमूलेको सेवा प्रभावकारीतामा वृद्धि गर्ने, भौतिक संरचना तथा आवश्यक थप औषधि उपकरणको व्यवस्था गरिनेछ ।

६. विश्वव्यापि रुपमा फैलदै गएको कोरोना भाइरस (कोभिड-१९) बाट नौमूले गाउँपालिका पनि अछुत रहन नसकेको कारणले गर्दा यसको रोकथाम तथा नियन्त्रणको लागि १ करोड बजेटको व्यवस्था गरिएको छ । यसका साथै नौमूले बासीलाई कोरोना तथा अन्य सरुवा रोगहरुबाट बच्नको लागि स्वस्थ जागरण अभियान लागु गरिनेछ । जसमा स्वास्थ्य कर्मीको आवश्यक व्यवस्थापन, तालिम, प्रोत्साहन तथा प्रचारप्रसार गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

७. नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य बलियो बनाउन गर्भवती अवस्थामा पोषणयुक्त खानेकुरा तथढां नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने, युवतीहरुको स्वास्थ्यमा विशेष ध्यान दिन तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम प्रत्येक वडाहरुमा संचालन गर्न नियमित प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने नीति लिएको छु । यसका लागि सुनौलो हजार दिन कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक गर्भवती महिलालाई स्वास्थ्य चौकिमा नै अनिवार्य सुत्केरी हुन प्रोत्साहित गरिनेछ । स्वास्थ्य चौकिमा जनशक्तिको उचित व्यवस्थापन गरिने छ र बहुक्षेत्रीय पोषण कार्यक्रमलाई अझ प्रभावकारी बनाउने नीति लिएको छु ।

८. युवा पुस्ताको क्षमता विकास गर्न विभिन्न सिप विकास सम्बन्धि तालिम कार्यक्रम संचालन गरिनेछ । स्थानिय उत्पादनहरु जस्तै मौरीपालन, माछापालन, तरकारी खेती, सुन्तला, अलैची, टिमुर, अदुवा, स्याउ तथा आँप, ओखर, खेती लगायतका अन्य क्षेत्रहरुमा सम्भाव्यता अध्ययन गरिनुका साथै किसानहरुको मनोबल उच्च पार्नको लागि अध्ययन, अवलोकन, अनुसन्धान जस्ता क्रियाकलाप गरिनेछ ।

९. नौमूले गाउँपालिकाभित्र रहेका सम्पूर्ण बाझो जग्गाहरुको लगत संकलन गरी वातावरण सुहाउदो, छोटो समयमा धेरै आयआर्जन दिने बालिनालीहरु तथा व्यवसायिक कृषि फार्म, फलफुल खेती फार्म, बाख्रा पालन फार्म, भेडा पालन फार्म जस्ता विभिन्न पशु फार्मका लागी प्रोत्साहन गरिनेछ जसका लागि लागत साझेदारीमा बजेट व्यवस्थापन गरिनेछ ।

१०. वातावरण तथा जलबायुमैत्री पुर्वाधार विकासमा जोड दिईनेछ। वनको वैज्ञानिक व्यवस्थापन गरि वनलाई आम्दानीको श्रोतको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै वन क्षेत्रको संरक्षणको लागि एक वडा एक नमूना सामुदायीक बन निर्माण कार्यक्रमलाई प्रोत्साहान गरिनेछ ।

११. नौमूले गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको नौमूले गाउँपालिकाबाट दैलेख सदरमुकाम सम्म जोड्ने मुख्य मार्गलाई थप स्तरोन्नती गर्दै आवश्यक बजेटको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग बजेटका लागी पहल गरिनेछ ।

१२. नौमूले गाउँपालिकाको केन्द्र देखि प्रत्येक वडा कार्यालय सम्म बाह्रै महिना गाडी चल्नको लागी बाटोको स्तरोन्नती गरिनेछ जसका लागि वातावरण मैत्री विकास मानवीय श्रमको उच्चतम प्रयोग तथा वायो इन्जिनियरीङ प्रणालीलाई प्राथमिकता दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

१३. नौमूले गाउँपालिकाका सबै क्षेत्रलाई जोड्न नौमूले बाहिरी रिङरोडको निर्माण गर्नको लागि स्रोत तथा प्रविधिको खोजी गरिनेछ । राइली गोपीखोला - लेखतोली - रापट - नौफेरी - भावसैनी - कागते - निरगा - ठुलो चम्लाया - सानो चम्लाया - भाडे - द्धारी - सानो गोपेनी - भित्रीखोला - गोपीनी - भरभरे - चेप्टे टिमुरे - कुइने - उतिससेनी - दरबारे - गुराँसे - सल्लेरी - पैती - चौराठा हुदै झिल्केसम्म जोडि रिङरोडको अवधारणा अगाडि बढाइने छ ।

१४. नौमूले गाउँपालिकाले प्राथमिकता दिदै आएको उज्यालो नौमुले गाउँपालिका अभियानको प्रभावकारी कार्यान्वयन गर्न सबै वडामा विद्युतीकरण विस्तार गरिनेछ । यसका लागि गाउँपालिकाले विनियोजन गरेको बजेटको अतिरिक्त प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१५. नौमूले गाउँपालिका भित्र रहेका सम्पूर्ण महिला, आदिवासी जनजाती, जेष्ठ नागरिक, दलित जनजाती, उत्पिडित वर्ग, विपन्न एंव गरिव जनता आदिको संरक्षण एवं विकास गर्न सामाजिक न्यायको आधारमा स्रोत एवं सुविधाको समानुपातिक वितरणको व्यवस्था मिलाईनेछ । पछाडी परेका वर्ग तथा समुदायलाई मुल प्रवाहिकरण गर्न संरक्षण, सशक्तिकरण एवं क्षमता विकासको

कार्यक्रम संचालित गरिने रणनिती लिएको छु । यसको लागि सबै वर्ग, क्षेत्र र लिंगलाई समानुपातिक रुपमा आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१६. नौमूले गाउँपालिका भित्र रहेका लोपोन्मुख जाती, आदीवासी, जनजातीका भाषा संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइनेछ ।

१७. स्थानीय तहको न्याय प्रणालीलाई स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउन आवश्यक संस्थागत, संरचनागत तथा नीतिगत व्यवस्था गरिने छ ।

१८. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा घरेलु हिंसा, महिला हिंसा, बालश्रम, बालविवाह, जातीय विभेद, छाउपडीप्रथा तथा सामाजिक कुसंस्कार र कुरीतीलाई अन्त्य गर्न गाउँपालिकाले प्राथमिकतामा राख्ने छ ।

**सभाध्यक्ष महोदय,**

१९. नौमूले गाउँपालिकामा रहेका लघुउद्योग, सम्भावित कृषि उद्योग तथा परम्परागत सिपबाट चल्दै आइरहेका उद्योगहरुको विस्तारमा प्राथमिकता दिइनेछ जसमा गाउँपालिकाको तर्फबाट लागत साझेदारीको माध्यमबाट विस्तार गरिनेछ । उद्यमीहरुलाई थप दक्ष बनाउनको लागि प्राविधिक ज्ञान सिपको माध्यमबाट जोड दिइनेछ ।

२०. गाउँपालिकामा सहकारीलाई विस्तार गर्नको लागी निती अनुरुप परिचालन गरिनेछ । जसको लागि कामको आधारमा खारेजी, बचाउको पुरस्कृत गर्ने नीती अवलम्बन गरिनेछ ।

२१. आन्तरिक तथा बाह्य पर्यटनको माध्यमबाट आयआर्जनमा वृद्धि गर्न पालिकाभित्र रहेका द्धारी झरना, बाहुनबाहुनी डाडाँ, बासुधारा, शिवताल लगायतका क्षेत्रहरुको प्रचारप्रसार गरी होमस्टे, हाइकिङ, ट्रेकिङ रुट तथा पिक्निक स्पटको रुपमा बनाइने छ ।

२२. जडिबुटीको अथाह सम्भावना भएको यसपालिकामा रहेका विभिन्न जडिबुटीहरुको पहिचान, प्रबर्द्धन सम्वर्द्धन गर्दै जडिबुटी प्रशोधन केन्द्र स्थापनामा जोड गरिनेछ। आयूर्वेद चिकित्सा तथा वैकल्पिक चिकित्सालाई समेत प्रबर्द्धन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

२३. गाउँपालिकाद्धारा प्रवाह गरिने दैनिक सेवा, सम्पूर्ण प्रशासनिक गतिविधिहरु, निर्णयहरु, कार्यक्रमहरु पारदर्शिता, वित्तिय अनुशासन, भष्टाचार रहित एवम उत्पादनमुखी बनाउनको लागी आवश्यक जनशक्ति, व्यवस्थापन तालिम तथा विकासमा पहल गर्ने निती लिइनेछ।

२४. गाउँपालिकाको लागी वित्तीय अनुशासन पहिलो प्राथमिकतामा रहेकोले गाउँपालिकालाई केन्द्रिय सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदानलाई मितव्ययी ढंगबाट प्रयोग गरिनेछ। उत्पादनमुखी तथा छोटो समयमा प्रतिफल प्राप्त हुने खाले आयोजनाहरुको छनौट एवम कार्यान्वयन गरिनेछ। भ्रष्टाचार एवम अनियमीतता अन्त्य गरी पारदर्शि प्रशासकिय कार्यविधि अपनाइनेछ । सशर्त अनुदानलाई तत् निकायमा लगाई उनीहरुको खर्च पारदर्शी बनाउन अनुगमन तथा निरीक्षण गरिनेछ । वित्तिय समानिकरणको पूंजिगत रकमको प्रभावकारी कोर्यान्वयनको लागी ठुलो योजना र दिगो विकासलाई जोड दिइनेछ।

२५. नौमूले गाउँपालिका वा मातहतका तथा अन्य विषयगत एवम सरकारी सेवा प्रवाहका जिम्मेवारी सबै असल तथा छितो काम सम्पन्न गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने र खराब तथा आफ्नो काममा वेवास्ता गर्ने उपर दण्डित गर्ने नीती लिइएको छ । विषयगत निकायका कर्मचारी तथा गाउँपालिकाका कर्मचारी सबैमा कार्यसम्पादन सम्झौता गरिनेछ। कर्मचारीहरुको ज्ञान, सिप, क्षमताको उपयोग गर्ने, आवश्यक हौसला तथा उत्प्रेरणा प्रदान गरिनेछ।

२६. गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउनको लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा इन्टरनेटको पहुँच तथा सफ्टवेयरको उपयोगमा विस्तार गरिनेछ।

२७. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको

सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

२८. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२९. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३०. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०७९ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

३१. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति

लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

३२. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

**सभाध्यक्ष महोदय,**

३३. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४. नौमूले गाउंपालिका क्षेत्रभित्र रहेका उच्च पहिरो जोखीम क्षेत्रहरुको पहिचान गरी बृक्षारोपण मार्फत बाढी पहिरो नियन्त्रणको लागि एक वडा एक नर्सरी स्थापना गरी जोखिमयूक्त ठाउँमा विरुवा रोप्ने कार्यक्रम सञ्चालन  गरिनेछ । त्यसै गरी बाढी पहिरो हुने भूक्षय नियन्त्रण गर्न र जोखिमयूक्त बस्तीमा नदि खोला नियन्त्रणको लागि आवश्यक तटबन्ध निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।

३५. गाउँपालिकामा हुने विविध प्राकृतिक विपद, खाद्य संकट तथा अन्य प्रकोपहरुलाई न्यूनिकरण गर्नको लागी जलवायुमैत्री विकास निर्माण तथा प्रविधिको प्रयोग गरिन्छ । जसको लागि **NCCSP** लगायतका संस्थाहरुको साझेदारीमा विकास निर्माण कार्यलाई प्राथमिकरण दिइनेछ ।

३६. विद्यालयहरुमा आधुनिक शिक्षा प्रणालीलाई प्रवर्द्धन गर्नका लागि सूचना प्रविधि मैत्री बनाइनेछ । लामो समयदेखि कोरोना भाइरसका कारण विद्यालय बन्द भएका कारण विद्यालय जान नपाएका विद्यार्थीहरुका लागि वैकल्पिक शिक्षण प्रणालीमा जोड दिइनेछ ।

३७. शिक्षाको उज्यालो घामबाट कोहि पनि बंञ्चित हुन नपरोस् भन्ने अवधारणाका साथ विद्यालय जाने बालबालिकाको दरलाई बढाउन तथा विद्यालय छोड्ने बालबालिकाको दरलाई घटाउन विभिन्न प्रोत्साहन जनक क्रियाकलापहरु अगाडि बढाइनेछ ।

३८. गाउँपालिकामा शान्ति सुरक्षा कायम गर्न, घरेलु मदिरा नियन्त्रण तथा घरेलु हिंसा नियन्त्रण गर्न विशेष पहल गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

३९. कर प्रणालीमा व्यवस्थित, करका दरमा सुधार तथा करहरुको दायरा फराकिलो पारी गाउँपालिकालाई श्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक रणनीतिहरु तय गरिनेछ । नेपालको संविधान २०७२, स्थानीय सरकार ऐन, २०७४ को मर्मअनुरुप करका क्षेत्रहरुको पहिचान गरी कर राजस्वमा वृद्धि गरीनेछ ।

४०. गाउँपालिका भित्र समग्र रुपमा खेलकुद विकास गर्नको लागी विद्यालयहरुलाई विविध कार्यक्रम मार्फत आव्हान गरिनेछ । गाउँपालिका भित्र रहेका खेलाडीहरुको प्रोत्साहनको लागि विशेष पहल गरिनेछ ।

४१. नौमूले गाउँपालिकालाई सफा, स्वच्छ र सरसफाइयूक्त राख्नको लागी नौमूले बजारदेखि दैनिक रुपमा उत्पादनहुने फोहोरलाई व्यवस्थापन गर्नको लागी डम्पिङ साइटको निर्माणको लागि पहल गरिनेछ ।

४२. आ.व. २०७७०७८ मा नौमूले गाउँपालिकाको प्रशासकिय भवन निर्माण प्रकृयाको लागि विशेष पहल गरिनेछ ।

४३. नौमूले गाउँपालिका अन्तर्गत रहेका विकटका वडाहरुमा खाद्य संकटलाई अन्त्य गर्नको लागि खाद्य डिपोको स्थापना लगायत अन्य निकायसँगको सहकार्य तथा समन्वय गरी खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई उच्च प्राथमिकतामा राखिनेछ ।

**सभाध्यक्ष महोदय**

अन्त्यमा, म अव गाउँपालिकाको नीति तथा कार्यक्रम तयारका क्रममा सल्लाह सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु, विषयगत क्षेत्रका विज्ञहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरुमा हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम तयारीको लागि अहोरात्र खटिएका प्रमुख प्रशासकिय अधिकृत ज्यू लगायत गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, विषयगत कार्यालय तथा शाखाका प्रमुखहरु, नागरिक समाजका वुद्धिजीविहरु सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा समेत धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रम स्विकृति पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यबाद ।

अमृता सिहं
उपाध्यक्ष
नौमुले गाउँपालिका, दैलेख
कर्णाली प्रदेश, नेपाल

मिति : २०७७ आषाढ १६ गते